# बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) द्वारा जारी

मिति : २०७८ पौष १६ गते

## प्रेस विज्ञप्ती !

आदरणीय पत्रकार बन्धुहरु,

बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले आफ्नो प्रस्तावना र उद्देश्य बमोजिम गुणस्तरीय, विश्वासिलो एवं सर्वसुलभ बैकिङ सेवाको विस्तार, संभावना देखिएका क्षेत्रहरुमा लगानी विस्तार, युवा तथा नव उद्यमी एवं व्यवसायीहरुको उत्पादन, रोजगारी सृजनासहित आर्थिक गतिविधिहरुलाई चलायमान बनाउनको लागि र दिगो एवं फराकिलो आर्थिक विकासमार्फत समृद्ध राष्ट्र निर्माणमा सहयोग पुर्‍याउनका लागि नियामक निकाय र सरोकारवाला पक्षहरुसँग निरन्तर सहकार्य तथा समन्वय गर्दै आइरहेको छ । नियामक निकायहरुमार्फत जारी नीतिनियम तथा निर्देशनहरुको व्यवहारिक अध्ययन तथा विश्लेषण गरी संस्थागत धारणासहितका सुझावहरु सम्बन्धित निकायहरुमा निरन्तर पेश समेत गर्दै आएको तथ्य स्मरण गराउन चाहन्छौं ।

यसै शिलशिलामा नेपालमा संचालित क, ख, र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुको अवस्था, भूमिका, कार्यक्षेत्र योगदान, समस्या एवं चुनौतीहरुसहित दक्षिण एसियाली मूलुकहरुले अपनाएको बैंकिङ अभ्यास तथा अवस्थाका विषयमा अध्ययन तथा अनुसन्धान गर्नको लागि सिबिफिन कार्यसमितिका उपाध्यक्ष श्री राजेश उपाध्यायको संयोजकत्वमा गठित कार्यदलमार्फत सुझावसहितको अध्ययन प्रतिवेदन, ०७८ तयार गरेको छ । नेपालका वरिष्ठ अर्थशास्त्री तथा बैंकिङविद्हरुको परामर्श, बैंक तथा वित्तीय संस्थाहरु एवं यस क्षेत्रका लगानीकर्ताहरुको रायसुझावहरुको आधारमा तयार गरिएको यस अध्ययन प्रतिवेदन मिति २०७८ पौष १३ गते नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीसमक्ष पेश गरिसकिएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

नेपालको आधुनिक बैंकिङ विकास, बैंक तथा वित्तीय संस्थाहरुको भूमिका, योगदान र औचित्य, बैंक तथा वित्तीय क्षेत्रले व्यहोरेका समस्या एवं चूनौति र समाधानका लागि सुझाइएका उपायहरुका बारेमा जानकारी र बैंक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित नीतिगत निर्णय लिन सहयोगी र उपयोगी हुने ठानी उक्त प्रतिवेदन आदरणीय पत्रकारहरुको उपस्थितिमा सार्वजनिक गरेका छौं ।

समग्र बैंक तथा वित्तीय क्षेत्रको विकास, विस्तार एवं सुधार, अर्थतन्त्रको सवलीकरण र समग्र पेशा एवं व्यवसायसहित आम जनजीविकाको स्तरोन्नतिका लागि नियामक निकाय, सरोकारवाला पक्ष र आम संचार जगतसँगको समन्वय तथा सहकार्यमा सिबिफिनले यी र यस्तै किसिमका अध्ययन एवं अनुसन्धानमार्फत आर्थिक समृद्धि र रुपान्तरणका कार्यहरुलाई निरन्तररुपमा जारी राख्ने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं । आज सार्वजनिक यस प्रतिवेदनको नरम प्रति यहाँहरुको इमेलमार्फत यस पत्रकार सम्मेलनलगत्तै सम्प्रेषण गरिने छ ।

अन्तमा, आज सार्वजनिक गरिएको यस अध्ययन प्रतिवेदनले समावेश गरेका विषयवस्तुहरुमाथि सम्बन्धित निकायहरुको ध्यान आकृष्ट गर्न आदरणीय पत्रकार बन्धुहरुको भूमिका र सहयोग विशेष रहनेछ भन्ने अपेक्षासहित यस पत्रकार सम्मेलनमा सघन उपस्थिति जनाइ सहयोग गर्नुभएकोमा यहाँहरु सबैप्रति सिबिफिनको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं ।

धन्यवाद !

...........................................
भोजबहादुर शाह
वरिष्ठ उपाध्यक्ष एवं
प्रवक्ता
सिबिफिनको तर्फबाट